नि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
स.वि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४२ अंक १५ २०८० साल मंसिर ३ गते आइतवार (19 Nov. 2023 Sunday) मूल्य रु. ७/-

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** दिगो विकास लक्ष्य २०३० र मातृशिशु ... **पृष्ठ ३ मा :** जातको जालोभित्र ... **पृष्ठ ५ मा :** 'टिकटक' बन्द गर्ने नेपाल ... **पृष्ठ ५ मा :** अस्पतालमा आक्रमणको चेतावनीपछि ...

## अस्ताउँदो सूर्यलाई अर्घ दिइदै

**राजविराज**/देशभर छठ पर्व अन्तरगत तेश्रो दिन आइतबार साँझ बर्तालुले अस्ताउँदो सूर्य अर्घ दिने तयारी गरेका छन् ।

साँझ अस्ताउँदो सूर्यको पूजा आराधना गरी अर्घ्य दिइन्छ र सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि यो पर्व विधिपूर्वक समापन हुन्छ ।

शनिबार पर्वको दोश्रो दिन उपवास बसी खरना विधि गरेर भगवान्लाई चढाइएको खीर सेवन गरेका थिए । कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने यो पर्वमा सम्पूर्ण शक्तिको स्रोत सूर्यको उपासना गर्ने गरिन्छ । यस पर्वको पहिलो दिन नुहाएर चोखो भइ खाने, दोस्रो दिन खरना, तेस्रो दिन अस्ताउँदै गरेको र चौथो दिन उदाउँदै गरेको सूर्यलाई अर्घ्य दिएपछि विधिवत्रुपमा पर्व समापन हुनेछ ।

छठका लागि तराईका नदी, खोला, पोखरी सिँगारिएका छन् । छठको ब्रत विधिपूर्वक सम्पन्न गर्नाले मनोवाञ्छित फल पाइने, परिवारको कल्याण हुने र आफ्ना सम्पूर्ण दुःख र कष्ट हटेर जाने जनविश्वास छ ।

## गोरुगाडा दौड प्रतियोगिता सम्पन्न



**राजविराज**/सप्तरी जिल्लाको खडक नगरपालिका र बोदेबरसाइन नगरपालिकाको बिचमा पर्ने खडक नदिमा शनिवार गोरुगाडा दौड प्रतियोगिताको आयोजना गरिएको छ ।

खडक नदिमा कात्तिक मास स्नान र यज्ञको अन्तिम दिन शनिवार स्थानीय युवाहरुले गाउँबाट सहयोग लिएर सो दौड प्रतियोगिताको आयोजना गरेका हुन् ।

उक्त प्रतियोगितामा

*बाँकी अन्तिम पृष्ठमा*

## मन्दिरलाई नयाँ स्वरुप दिने कार्यमा खुशिलालको सहयोग



**राजबिराज**/राजविराजको ऐतिहासिक रामचन्द्र मन्दिरलाई नयाँ स्वरुप दिन थालिएको निर्माण कार्यलाई सघाउन यहाँका एक समाजसेवीले आफ्नो घरमा आयोजना गरेको तुलसी महायज्ञबाट प्राप्त रकम सोही मन्दिरलाई प्रदान गरेका छन् ।

राजबिराज ६ का खुशिलाल यादवले आफ्नो घरमा आयोजना गरेको एक महिने तुलसी महायज्ञबाट दक्षिणाको रुपमा विभिन्न भक्तजनहरुबाट प्राप्ता एक लाख ५६ हजार ५ सय २५ रुँपैया एक कार्यक्रमबीच रामचन्द्र मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष राजेश कुमार कर्णलाई हस्तान्तरण गरेका छन् ।

६६ वर्षिय खुशीलाल सो मन्दिर व्यवस्थापन समितिका अध्यक्ष समेत हुन् । राजविराज ६ मा अवस्थित उक्त ऐतिहासिक

*बाँकी अन्तिम पृष्ठमा*

अल्जाईमर्सका विरामीलाई सहयोग गरौं

- अल्जाईमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो।
- वंशज, धुमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ।
- यो रोगको प्रारम्भमा विस्तारै बिर्सिदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरिकासमेत बिर्सनि लक्षण देखिन सक्छ।
- यस्ता विरामीलाई सहयोग गरौं, एक्लै नछोडौ र चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर मा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण पाठक तथा ग्राहक वर्ग, शुभेच्छुक एवं जिल्लावासी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन साप्ताहिक
परिवार

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर मा सुस्वास्थ्य, दिर्घायु, शान्ति तथा अमनचयनको कामना गर्दै सम्पूर्ण नगर वासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

इर्साद अन्सारी
युवा नेता
नेपाली काँग्रेस

## सम्पादकीय

### रंगशाला पुर्ननिर्माणप्रति कसैको ध्यान कीन पुग्दैन् !

सप्तरी जिल्लाकै ऐतिहासिक राजविराजस्थित राजरंगशाला जर्जर अवस्थामा पुगेको छ । चारैतिर खुल्ला समेत भइसकेको यस रंगशाला अहिले गौचरणमा परिणत भइसकेको छ । एकातिर गौचरण त अर्कोतिर प्यारापिटको बाहिरी भाग अतिक्रमणको चपेटमा परेको छ । यो रंगशाला झण्डै दुई दशकदेखी जिर्णोद्वारको पखाईमा रहेको छ । हालसम्म ऐतिहासिक रंगशालाप्रति कुनै निकायको ध्यान पुग्न सकेको छैन् । अतिजिर्ण अवस्थामा पुगिसकेको खेलमैदान सरोकारवाला निकाय यसप्रति उदासिन रहेको देखिन्छन् ।

जिल्ला खेलकुद विकास समितीको मातहतमा रहे पनि रंगशालालाई जिर्ण अवस्थाबाट उकास्न न त खेलकुद विकास समितीले ध्यान दिएको देखिन्छ न त सरकारी निकायले । गौचरणमा परिणत भइसकेको रंगशाला शौच गर्ने थलो समेत बन्न पुगेको छ । बिहान मर्निङ वाक गर्ने स्थान, दिउँसो गौचरण तथा साँझपख डेटिङ थलो र राती शौच गर्न प्रयोग भइरहेको छ । तै पनि कसैको ध्यान पुग्न सकेको छैन् । यता प्यारापिट जिर्ण भई कुनै पनि बेला दुर्घटना हुन सक्ने सम्भावना पनि बढेको छ ।

अब रंगशालाको मर्मत सम्भार नभएर यसको पुर्ननिर्माणतर्फ नै ध्यान केन्द्रित गर्नुपर्ने अवस्था आएको छ । तसर्थ खेलकुद विकास समिती, राजनैतिक दल, बुद्धिजिवी लगायत तीनै तहका सरकारले यसको पुर्ननिर्माणमा आवश्यक कदम बाढउनेतर्फ अग्रसरता आवश्यक छ ।

# दिगो विकास लक्ष्य २०३० र मातृशिशु सुरक्षा सञ्जालको सान्दर्भिकता

**सूर्य भट्ट**




नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ । त्यसैगरी महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य एवं बालबालिकालाई शिक्षा, स्वास्थ्य, पालनपोषण र उचित स्याहार सम्बन्धी हकको सुनिश्चितता गरेको छ । विगत दुई दशकमा नेपालले महिला तथा बालबालिकाको स्वास्थ्य सुधारमा उल्लेखनीय प्रगति हासिल गरे पनि अझै धेरै आमा तथा नवशिशुले अकालमा ज्यान गुमाइरहनु परेको छ ।

नेपालमा नवशिशु मृत्युदर प्रति १००० जीवित जन्ममा २१ ( नेपाल जनसांख्यिक सर्वेक्षण २०२२) र मातृ मृत्युदर प्रति १,००,००० जीवित जन्ममा १५१ रहेको छ ( राष्ट्रिय जनगणना २०२१) । विगतमा मातृस्वास्थ्य सुधारमा देखाइएको प्रतिबद्धता र प्रगतिको आधारमा नेपालले सहश्राब्दी विकास लक्ष्य पदक प्राप्त गरेको थियो ।

संविधानले प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी मौलिक हकको उपयोग तथा विश्व मञ्चमा दिगो विकास लक्ष्य २०३० प्राप्त गर्न गरेको प्रतिबद्धता हासिल गर्न संघ, प्रदेश र स्थानीय तहले सहकार्य र समन्वयात्मक तवरले कार्य गर्नुपर्ने देखिन्छ । तथापि, मौजुदा संरचना र स्रोतका हिसाबले महत्वाकांक्षी लक्ष्यका रुपमा रहेको दिगो विकास लक्ष्य २०३० लाई भेट्टाउन स्वास्थ्य सम्बन्धी नीति, रणनीति र कार्ययोजनाले स्पष्ट मार्गनिर्देश गरे पनि कार्यान्वयन तहमा उल्झनहरु देखिएका छन् ।

दिगो विकास लक्ष्य २०३० अनुसार नवशिशु मृत्युदरलाई घटाएर प्रति १००० जीवित जन्ममा १२ र मातृ मत्युदरलाई घटाएर प्रति १,००,००० जीवित जन्ममा ७० मृत्युमा पुऱ्याउनु पर्छ । सन् १९९६ देखि २०१६ सम्मको तथ्यांक

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील

## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालबिवाह रोक्न आजैदेखि पहल गरौं ।

**अनुरोधकर्ता**

**सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, कदमाहा, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

**सम्पर्क :**
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय**
**पातो, सप्तरी**

# जातको जालोभित्र कहिलेसम्म ?

**राधिका परियार**

तिहार बिदाका बेला मैले युट्युबमा 'हेर्ने कथा'को इपिसोड ११० (आगो, आरन र आत्माको कथा) हेरें। यो भिडियो सामग्री हेर्दै गर्दा कतिपय दृश्यमा म भावुक भएँ भने कतिपय दृश्यले मलाई आक्रोशित समेत बनायो। कथामा भनिएको छ, 'काशीराम मान्छेको घर बनाउँछन्, दैलो टेक्न पाउँदैनन्। काशीराम मन्दिर बनाउँछन्, भगवान् छुन पाउँदैनन्।' काशीराम एउटा प्रतिनिधि पात्र हुन्, उनले जस्तो जातीय विभेद तथा छुवाछुत भोग्ने हजारौं काशीराम यो समाजमा छन्।

२०३५ सालतिर, प्रेमबहादुर दर्जी बझाङको शान्ति उच्च माविमा शिक्षक थिए। त्यहाँ पढाउने शिक्षक र पढ्ने विद्यार्थीको समूहले उनलाई स्कुलमा 'सर' र 'तपाईं' भनी सम्बोधन गर्थे भने स्कुलबाहिर 'दाइ' र 'तिमी' भन्थे। समाजमा सानो जात मानिने प्रेमबहादुरलाई कथित ठूलो जातका शिक्षक र विद्यार्थीले स्कुलमा सधैँ 'सर' भनेर 'नमस्कार' गरिरहन सहज मानेनछन्। उनीहरूले आफूहरूको जातीय अहंमा ठेस लागेको ठानी अन्ततः प्रेमबहादुरलाई जागिरबाटै निकालेछन्।

यो प्रसंग प्रेमबहादुरका नाति कमल दर्जीले सुनाएका हुन्, केही समयअघि राजधानीमा सम्पन्न जात व्यवस्थामाथिको एक छलफल कार्यक्रममा। हुन त कमल आफैंले पनि जातीय विभेदका घटना थुप्रै भोगेका छन्। 'हामी स्वतन्त्र मान्छे भएर उभिने दिन आउला त ?' उनी प्रश्न गर्छन्, 'विज्ञान र प्रविधिले ठूलो फड्को मारेको छ। संविधान र कानुनमा कसैलाई पनि उत्पत्ति, जात-जाति, लिंग आदिका आधारमा भेदभाव नहुने व्यवस्था छ, तर हामीले यो विभेद अझै कहिलेसम्म भोग्नुपर्ने हो ?'

आजभन्दा एक वर्षअगाडि यो पंक्तिकारसँग गोरखाकी शान्ता विकले छुवाछुतबारे आफ्नो अनुभव सुनाएकी थिइन्। एक बाहुन भनिने व्यक्तिको घरमा ज्याला-मजदुरी गर्न गएकी उनलाई पिउने पानीको भाँडा नै अलग्गै दिइएछ। त्यहाँ खाना खाइसकेपछि आफूले खाएका भाँडा माझेर घोप्ट्याएर राख्न भनिएछ। त्यस दिन उनी काम नै छाडी घर आइन्। उनी प्रश्न गर्छिन्, 'मेरो श्रम बिक्छ तर अन्य कुरामा म अछुत कसरी ?'

यस पंक्तिकारले पनि आफू हुर्केको गोरखाको गाउँमा जातीय विभेदका विविध रूप भोगेकी छ। सानैमा साथीहरूसँग गाएको एक मन्दिरमा जाँदा त्यहाँका पण्डितले मसँगै गएका साथीलाई टीका लगाइदिए तर मलाई हातमा अक्षता दिए, सानो जात भनेर। मेरो घरमा प्रशस्तै फूलहरू फुल्थन्। मन्दिर जाँदा धेरैले हाम्रो घरको फूल टिपेर लैजान्छन् तर मैले त्यही फूल टिपेर दिँदा छुन समेत नमानेका घटना मसँग धेरै छन्।

आज हाम्रो देशमा ठूलै राजनीतिक परिवर्तन भएको छ। हाम्रै अगाडि विधि र व्यवस्था बदलियो तर जातीय भेदभाव कुनै न कुनै रुपमा समाजमा रहेकै छ। दलितहरूले अझै पनि खुलेर आफ्नो जात भन्न हिचकिच्याउने अवस्था छ। जात मात्रै होइन, दलितका कतिपय थरहरूप्रति नै प्रश्न गरिन्छ – दलित भएर पनि के थर लेखेको ? समाजमा जातीय सोच परिवर्तन हुन सकिरहेका छैन। पछिल्लो समय विस्तारै दलित समुदायका व्यक्ति पनि धेरै कुरामा अग्रसर हुँदै आएका छन् तर समय यस्तो पनि थियो, दलित समुदायको व्यक्तिलाई पढ्नदेखि निरुत्साहित गरिन्थ्यो। म कक्षा ८ पढ्दै गर्दा बाहुन भनिने जातका एक व्यक्तिले मेरो बुवासँग भनेका थिए- छोरीलाई किन पढाएको, पढेर के गर्ने हो र ?

मेरो बुवाले कक्षा ३ सम्म पढ्नुभयो, उहाँलाई स्कुलमा साथीहरूले गाली गर्दा 'डुम' भन्थे, आफूहरूको हाराहारी उभिनै दिँदैनथे। यस्तै कारण उहाँले पढाइलाई अगाडि बढाउनुभएनछ।

हामी बोलिरहेका हुन्छौं- सबै समान छौं, विभेद कहाँ छ भनेर ? अचेल विभेद हाम्रो बोली र भाषामा कम होला तर व्यवहारमा बढी छ।

यो जात व्यवस्थाको इतिहासलाई पल्टाउँदा काठमाडौंका मल्ल राजा जयस्थिति मल्लले यहाँका बासिन्दालाई विभिन्न समूहमा बाँडेर पेसा तोकिदिएका थिए। त्यसैका आधारमा जातपात र छुवाछुतको प्रथा सुरुवात गरेको पाइन्छ। १९६६ सालमा गोर्खाली राजा राम शाहले सामाजिक सुधार भन्दै छुवाछुतलाई व्यापक तुल्याएका थिए। गोर्खाली राजा राम शाह (१६०६-३६)को समयमा वर्गीकरण हुँदा चार वर्ण छत्तीस जात भन्न थालिएको मानिन्छ। यसलाई राजा सुरेन्द्रको पालामा बनेको मुलुकी ऐनसम्म यथावत कायम राखियो। १९१० को मुलुकी ऐनले स्पष्ट रूपमा नेपाली समाजलाई दुई भागमा विभाजन गऱ्यो, पानी चल्ने र पानी नचल्ने। त्यसैले पनि जात अनुसार नै वर्ग विभाजनलाई बढावा दिएको हुनाले आजसम्म दलित समुदायको व्यक्ति उच्च ओहोदामा पुग्न लागेको देख्दा यो जातको भनी खोल ओढाउने प्रचलन अझै हट्न सकेको छैन।

नेपाली समाजमा दलित समुदायलाई तीन हजार वर्षदेखि नै जात व्यवस्थाको साङ्लोले बाँधेर राखिएको छ। जहाँ कहिले धर्मको आधारमा मन्दिर पस्न दिइँदैन त कहिले जातको आधारमा, त्यसैगरी पेसाको आधारमा दलितहरूमाथि शोषण हुँदै आएको छ।

**दलित महिलामाथि हिंसा**

विश्व कोभिड-१९ बाट आक्रान्त हुँदै गर्दा विश्वव्यापी रूपमै महिला तथा बालबालिकामाथि हिंसाका घटना पेचिलो ढङ्गबाट डरलाग्दो तस्बिरमा छताछुल्ल भए। इन्सेकले तयार गरेको एउटा तथ्यांकमा कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि भएको पाँचमहिने लकडाउन अवधिभर देशभर एक हजार तीन सय १८ बलात्कारका घटनामध्ये बलात्कारको प्रयास, बलात्कार, यौनजन्य हिंसा, शारीरिक हिंसा, मानसिक हिंसालगायतबाट चार सय ४७ दलित महिला र बालिका सिकार भएका थिए। यस्तै, ६ दलित बालिका र एक दलित महिलाको बलात्कारपछि हत्या भएको थियो।

*बाँकी चार पृष्ठमा*


## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्न पाउँदै जीवन बर्वाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गार्हो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरि सोहि दफाको उपदफा (१) ले विवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुँदैन भन्ने ब्यवस्था गरेको छ। उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

जनहीतका लागि जारि सन्देश : **छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु।
- आँखाको गेडी दुख्नु।
- अत्याधिक टाउको दुख्नु।
- शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

**शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय**
**कठौना, सप्तरी**

## *दिगो विकास ...*

विश्लेषण गर्दा पाँच वर्ष मुनिका बालबालिकाको बाल मृत्युदर न्यूनीकरण गर्न सफल सात देशमध्ये नेपाल पनि एक रहे पनि दिगो विकास लक्ष्य २०३० का पदचाप पहिल्याउन नेपालका सामु अझै कैयौं चुनौती बाँकी छन् ।

यी चुनौतीको सामना गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्न वान हार्ट वर्ल्डवाइडले आफ्नो स्थापना कालदेखि नै नेपालमा विद्यमान तीनै तहका सरकारसँग समन्वय र सहकार्य गर्दै नेपालको दिगो लक्ष्य हासिल गर्ने प्रयासमा सहयोग गर्दै आएको छ । मातृ तथा शिशु स्वास्थ्यका विविध क्षेत्रमा रहेका असमानता एवं तुलनात्मक न्यून प्रगतिहरुलाई सम्बोधन गर्न मातृशिशु सुरक्षा सञ्जालको अवधारणा महत्वपूर्ण हुने देखिन्छ ।




मातृशिशु सुरक्षा सञ्जाल आमा र बच्चाको स्वास्थ्यलाई सम्बोधन गर्ने महत्वपूर्ण रणनीति हो । मातृशिशु सुरक्षा सञ्जालले आमा तथा नवशिशुको जीवन सुरक्षा तथा समग्र जीवनको गुणस्तरीयता सुनिश्चित गर्न आमा र नवशिशुको स्वास्थ्य तथा उनीहरुलाई आवश्यक सेवा प्रवाहमा संलग्न हुनसक्ने सम्पूर्ण पक्षहरु जस्तैः परिवार, समुदाय, समुदाय स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, औषधि उपकरण, आपूर्ति व्यवस्था, प्रेषण प्रणाली र विभिन्न तहका सरकार तथा सरोकारवाला लक्षित कार्यक्रमहरु समेट्छ । विभिन्न कारणवश मातृशिशु स्वास्थ्यमा पहुँच नभएका वा सेवामा पहुँच भए पनि गुणस्तरीय सेवा नपाएका आमा तथा नवशिशुहरुलाई प्राथमिकतामा राखेर उनीहरुकै संलग्नतामा यस रणनीतिले काम गर्छ ।

मातृशिशु सुरक्षा सञ्जाल वान हार्ट वर्ल्डवाइडको विगत २५ वर्षको विभिन्न देशको मातृशिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमको सिकाइबाट परिष्कृत भइरहेको छ । नेपालमा सन् २०११ देखि वान हार्ट वर्ल्डवाइडले समाज कल्याण परिषद्को स्वीकृति तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा हालसम्म २८ जिल्लामा यस रणनीतिमार्फत मातृशिशु स्वास्थ्य सेवा प्रणाली सुदृढीकरणमा सहयोग गर्दै आइरहेको छ ।

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने मुख्य जिम्मेवारी दिएको छ । आधारभूत मातृशिशु स्वास्थ्य सेवा समुदायस्तरमै प्रदान गर्न सकिएमा आमा र बच्चाका स्वास्थ्य समस्याहरुको समयमै सही पहिचान, प्रेषण र उपचार हुनसक्छ र स्वास्थ्य जटिलताहरुलाई न्यूनीकरण गर्न सकिन्छ ।

मातृशिशु स्वास्थ्य सेवा आधारभूत स्वास्थ्य सेवाको अति महत्वपूर्ण पक्ष भएको कारण स्थानीय सरकारसँग सहकार्य गर्दा आमा र नवशिशुको जीवन सुरक्षा तथा सेवाको गुणस्तर सुधारमा गुणात्मक प्रगति गर्न सकिने हाम्रो सिकाइ रहेको छ । स्थानीय सरकारसँग आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक स्रोत तथा साधन परिचालन गर्ने अधिकार रहेको अवस्थामा आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनमा स्थानीय सरकारको दक्षता अभिवृद्धि गर्दा समग्रमा देशले मातृ तथा नवशिशुसँग सम्बन्धित दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने देखिन्छ ।

विशेषगरी मातृशिशु स्वास्थ्य सूचकहरु कमजोर रहेका तथा भौगोलिक रुपमा विकट स्थानीय तहहरुलाई प्राथमिकतामा राखी त्यहाँ रहेका स्वास्थ्य संस्थाहरुको सबलीकरण, स्वास्थ्यकर्मीहरुको प्राविधिक ज्ञान तथा सिपको अद्यावधीकरण, औषधि तथा चिकित्सकीय औजार-उपकरणको उपलब्धता एवं ती स्वास्थ्य संस्थाहरुलाई विशिष्टीकृत स्वास्थ्य संस्थाहरुसँग सम्बन्ध स्थापना गरी प्रेषण प्रणालीलाई सबलीलकरण गर्न मातृशिशु सुरक्षा सञ्जाल प्रभावकारी रहेको छ ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि स्वास्थ्य संस्थाको तयारी, स्वास्थ्यकर्मीको ज्ञान, सिप र उत्प्रेरणाका अतिरिक्त सेवा प्रवाहको लागि आवश्यक वातावरणको व्यवस्थापनमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुने हुँदा स्वास्थ्य सेवा प्रवाहमा यी सरोकारवालाहरुलाई संलग्न तथा जवाफदेही बनाउनु आवश्यक रहन्छ ।

अझै पनि धेरै गर्भवती तथा सुत्केरी महिलाले स्वास्थ्य सेवा उपयोग गर्न परिवार वा समाजमा व्याप्त विभिन्न अवरोधहरु छिचोल्नु पर्ने अवस्था छ । यस्तो परिस्थितिमा मातृशिशु स्वास्थ्य सुधारको लागि परिवार र समाजलाई यसको आवश्यकता बुझाई गर्भवती र सुत्केरी महिला तथा नवशिशुले समयमा नै उपयुक्त स्वास्थ्य सेवा पाउने वातावरण सिर्जना गर्न पनि यो रणनीति प्रभावकारी हुन्छ ।

स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाले उपलब्ध गराउने स्वास्थ्य सेवाप्रति सेवाग्राहीको विश्वासको वातावरण सिर्जना गर्न पनि यस रणनीतिले प्रभावकारी भूमिका खेलेको छ । जसले गर्दा आवश्यक स्वास्थ्य सेवा सुलभ र सहज तरिकाले उपयोग गर्ने अवस्था सिर्जना हुने तथा स्थानीय स्वास्थ्य संस्थाहरुको समुचित उपयोग हुने हुन्छ ।

यसरी हेर्दा मातृशिशु सुरक्षा सञ्जालले मातृशिशु स्वास्थ्य सेवाको पहुँच, गुणस्तर तथा सेवाको निरन्तरतामा अभिवृद्धि भई आमा र बच्चाको जीवन सुरक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधारमा सकारात्मक परिवर्तन गर्ने देखिन्छ ।

स्वास्थ्य खबरबाट

## *जातको जालोभित्र ...*

२०७६ चैतमा भएका एक सय ३४ बलात्कारका घटनामा ४३ दलित महिला र ३८ दलित बालिका परेका छन् । २०७७ वैशाखमा भएका एक सय ५२ बलात्कारका घटनामा ३५ दलित महिला र १४ दलित बालिका परेका छन् । यस्तै, सोही वर्षको जेठमा भएका एक सय ९६ बलात्कारका घटनामा १५ दलित महिला र २१ दलित बालिका पीडित छन् । यस्तै, असारमा भएका दुई सय ४० बलात्कारका घटनामा ३९ दलित महिला र १२ दलित बालिका परेका छन् । साउनमा भएका दुई सय ६६ बलात्कारका घटनामा २५ दलित महिला र १९ दलित बालिका पीडित छन् । भदौमा भएका एक सय ९७ बलात्कारका घटनामध्ये १४ दलित महिला र १७ दलित बालिका परेका छन् । सोही वर्ष असोज १५ गतेसम्म भएका ९१ बलात्कारका घटनामा ६ दलित महिला र सात दलित बालिका छन् । यो त तथ्यांकमा देखिएको उदाहरण हो, यहाँ कैयौं प्रकारका घटनालाई उतारिएको छैन जहाँ हरेक दिन जातीय घेरामा रही पिल्सिरहनुपरेको छ ।

कुनै पनि खालको विभेद र विकृतिको कुरा उठ्दा परिवर्तन तुरुन्तै सम्भव छैन भन्ने भाष्य निर्माण गरिएको छ । बिस्तारै त बिस्तारै कहिलेसम्म बिस्तारै ? जातीय विभेदविरुद्धको अभियानमा २००७ सालको परिवर्तनले ठूलो भूमिका खेल्यो भने २०२० सालमा बनेको छुवाछुतविरुद्धको कानुनले झन् दलित आन्दोलनलाई अझ सशक्त बनायो । २०३६ सालको आन्दोलनले यसमा अझ ऊर्जा थप्यो भने २०४६ सालको राजनीतिक परिवर्तनले पनि ठूलो मद्दत गऱ्यो । २००७ सालदेखि हालसम्मको प्रजातान्त्रिक आन्दोलनमा दलित समुदायको ठूलो योगदान छ, तर पनि यो समुदाय अझै दोस्रो दर्जाको नागरिक भएर जिउन विवश छ ।

सशस्त्र जनयुद्धको बलमा भएको २०६२/०६३ को जनआन्दोलनमा पनि दलितले बलिदानी दिएका छन् । अझै दलित कहिलेसम्म अधिकारका लागि लड्ने ?

जात व्यवस्था उन्मूलन गरेर विभेदमुक्त समाज निर्माणका लागि शिक्षामा क्रान्ति आवश्यक छ । पुराना विभेदकारी मूल्य-मान्यता हटाउन नयाँ तथा पुरानो पुस्तालाई पढाइनु र बुझाइनुपर्छ, यसका लागि राज्यले लगानी गर्नुपर्छ । कानुनी सुधारहरू र कार्यान्वयन कडाइका साथ लागू गर्न सकेमा न्यायको मेरुदण्ड बलियो हुँदै जानेछ । त्यस्तै, समाजमा हेपिएकाहरूलाई रोजगारी र उद्यमशीलतामा जोड्दै जानुपर्छ । राजनीतिक, प्रशासनिक र न्यायिक क्षेत्रमा प्रतिनिधित्व गर्दै जानुपर्छ । विभेद के हो र यो किन भयो, यसलाई कसरी हटाउने भन्ने बुझाइ आम नागरिकमा पनि हुनुपर्छ । आम नागरिकमा बुझाइ स्पष्ट भएपछि विभेद हट्दै सामाजिक न्याय स्थापित हुँदै जानेछन् । रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

बर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिर्वतन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक्र अनुसन्धान पश्चात सरकारी बकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र जुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

**जनहितका लागि : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

# ‘टिकटक’ बन्द गर्ने नेपाल सरकारको निर्णय

## इन्टरनेट सेवा प्रदायक र मोबाइल सेवा प्रदायकलाई निर्णय पालना गर्न दुरसञ्चारको निर्देशन

**काठमाडौं**/सरकारले सामाजिक सञ्जाल ‘टिकटक’ बन्द गर्ने निर्णय गरेको छ। सामाजिक सद्भाव बिथोलिने गतिविधि बढिरहेको निष्कर्ष निकाल्दै सरकारले टिकटक बन्द गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिए।

“हाम्रो पारिवारिक संरचना, सामाजिक सम्बन्धलाई खल्बल्याउने गरी टिकटकबाट लगातार प्रचारप्रसार भइरहेका छन्, यसलाई नियन्त्रण गर्न तत्कालका लागि ‘टिकटक’ बन्द गर्ने निर्णय गरेको हो”, उनले भनिन्।

बैठकले यसको प्राविधिक व्यवस्थापनको पाटो मिलाउन सञ्चार मन्त्रालयलाई निर्देशन समेत दिएको छ।

पछिल्लो समय सामाजिक सञ्जाल ‘टिकटक’मा सामाजिक, धार्मिक तथा साम्प्रदायिक सम्बन्धलाई खल्बल्याउने गतिविधि बढिरहेकाले त्यसलाई तत्काल नियन्त्रण गर्न सरकारले यो कदम उठाएको हो।

यसैबीच नेपाल दुरसञ्चार प्राधिकरणले सबै इन्टरनेट सेवा प्रदायक र मोबाइल सेवा प्रदायकलाई टिकटकको पँहुचमा तत्काल रोक लगाउन निर्देशन दिएको छ।

प्राधिकरणले मंगलबार विज्ञप्ति जारी गरी उक्त निर्देशनको पालना नगरे कारबाही हुने जनाएको हो।

प्राधिकरणले आफ्नो आदेशको पालना गर्नु सेवा प्रदायकको कर्तव्य हुने र सेवा प्रदायकले त्यस्तो निर्देशनको पालना नगर्दा दूरसञ्चार ऐन, २०५३ बमोजिम प्राधिकरणबाट कारबाही हुने उल्लेख गरेको छ।

केही सेवा प्रदायकले सरकारी निर्णयको अवज्ञा गरेका बताउँदै तत्काल निर्देशन कार्यान्वयन गरी प्राधिकरणलाई जानकारी गराउन अनुरोध गरेको छ।

### जनहीतका लागि जारि सन्देश

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुर्‍याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**अनुरोधकर्ता : अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## अस्पतालमा आक्रमणको चेतावनीपछि स्वास्थ्यकर्मी र सेवाग्राहीसहित सयौं व्यक्ति भागाभाग

**गाजापट्टी**/इजरायल र हमासबीचको युद्धका कारण इजरायलको सेनाले दुई हजारभन्दा बढी बिरामी, चिकित्सक र बिस्थापित व्यक्ति रहेको अस्पताल खाली गर्न आदेश दिएपछि शनिबार सयौं मानिस पैदलै भागेका गाजाको मुख्य अस्पतालका निर्देशकले बताएका छन्।

अल-शिफा अस्पताल वरपर ठूलो विस्फोटनको आवाज सुनिएपछि विस्थापित व्यक्ति, चिकित्सक, नर्स र बिरामी तथा घाइतेहरू एम्बुलेन्सबिना नै समुन्द्री किनारतर्फ जाँदै गरेको देखिएको थियो। प्रत्यक्षदर्शी एएफपीका एक पत्रकारले भाग्दै गर्दा बाटोमा इजरायली ड्रोनको आवाज सुनिएको र नराम्ररी क्षतिग्रस्त पसलहरू र पल्टिएका सवारी साधनहरूको छेउछाउमा कम्तीमा १५ वटा शवहरू देखेको पुष्टि गरे।

हमास प्रभावित क्षेत्रमा रहेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले १२० जना घाइते र केही समय नपुग्दै जन्मेका शिशु अझै पनि शिफा अस्पतालमा रहेको जनाएको छ। हमासको अपरेशन सेन्टरको खोजी गरिरहेको इजरायलले अस्पतालभित्र सैन्य कारबाही गर्न दबाब दिइरहेको छ।

इजरायलले अक्टोबर ७ मा करिब एक हजार ४०० जनाको ज्यान लिने गरी हमासले इजरायली क्षेत्रमा गरेको आक्रमणपछि हमासलाई ध्वस्त पार्ने भन्दै प्यालेष्टिनी क्षेत्रमा व्यापक हवाई आक्रमण गरिरहेको छ। मारिएकामध्ये अधिकांश दक्षिणी इजरायलका नागरिकहरू थिए भने केही पढ्न वा कामको शिलशिलामा विदेशबाट इजरायलमा बस्दै आएका विदेशी रहेका थिए। हमासले गरेको आक्रमणपछि कम्तीमा२४० मानिसहरूलाई बन्धक बनाएको थियो।

सन् २००७ देखि गाजामा शासन गर्दै आएको हमास सरकारका अनुसार इजरायली सेनाको निरन्तर हवाई र स्थल कारबाहीले पाँच हजार बालबालिकासहित १२ हजार मानिसको ज्यान लिइसकेको छ। गाजा शहरमा शनिबार बिहान इजरायली सेनाले लाउडस्पिकरमार्फत अल-शिफा अस्पताल ‘अर्को एक घण्टाभित्र’ खाली गर्न आदेश दिएको घटनास्थलमा रहेका एएफपीका एक पत्रकारले बताए।

उनीहरूले अस्पतालका निर्देशक मोहम्मद अबु सालमियालाई फोन गरेर बिरामी, घाइते, बिस्थापित र स्वास्थ्यकर्मीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न र उनीहरूलाई समुन्द्री किनारतर्फ जान आग्रह गरेका थिए। इजरायली सेनाले शिफा अस्पतालका निर्देशकको अनुरोधलाई स्वीकार गर्दै अस्पतालमा रहेका र त्यहाँबाट बाहिर जान चाहने थप गाजावासीलाई उद्धार गर्न अनुमति दिएको बताएको छ।

संयुक्त राष्ट्रसङ्घका अनुसार इजरायली सेना अल-शिफामा प्रवेश गर्नुअघि दुई हजार ३०० बिरामी, कर्मचारी र विस्थापित प्यालेस्टिनीहरू अल-शिफामा आश्रय लिइरहेका थिए। एजेन्सी

## गाजास्थित एक विद्यालय परिसरमा भएको इजरायली आक्रमणमा कम्तीमा १०० प्यालेस्टिनीको मृत्यु

**गाजा**/इजरायलले उत्तरी गाजा पट्टीको एक विद्यालयमा बम बारी गर्दा कम्तीमा १०० प्यालेस्टिनीको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको प्यालेस्टिनी स्वास्थ्य स्रोतले शनिबार जनाएको छ।

स्रोतले सिन्ह्वालाई दिएको जानकारी अनुसार जबालिया शरणार्थी शिबिरमा रहेको अल-फाखौरा विद्यालयमा इजरायलले गरेको भीषण आक्रमणपछि कम्तीमा १०० जनाको शव इन्डोनेसियाली अस्पतालमा सारिएको छ।

स्रोतका अनुसार विद्यालयभित्रबाट शवहरु निरन्तर फेला परिरहेको र ठूलो सङ्ख्यामा घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको सङ्ख्यामा उल्लेख्य वृद्धि हुने सम्भावना रहेको छ। यसैबीच प्रत्यक्षदर्शीका अनुसार उक्त विद्यालयमा सयौं विस्थापित हरू बसिरहेका र इजरायली सेनाको तीव्र हवाई आक्रमणमा परी उनीहरूको हताहत भएको हो। एजेन्सी

## सुरुङ मार्ग भासिने डरले उत्तराखण्ड फसेका ४१ भारतीयको उद्धार कार्यमा अवरोध

**देहरादुन**/सडक सुरुङमा फसेका ४१ जनालाई उद्धार गर्ने प्रयासलाई भारतीय उद्धारकर्ताहरूले शनिबार रोकेका छन्।

उत्तरी हिमाली राज्य उत्तराखण्डमा निर्माणाधीन सुरुङको केही भाग भत्किएपछि आइतबारदेखि स्काभेटरले सुरुङको भग्नावशेष हटाइरहेका छन्।

एक हप्ता लामो उद्धार कार्यका क्रममा जमिन भासिएर ठूलो मात्रामा ढुङ्गा र माटो निरन्तर खसेपछि र महत्वपूर्ण हेभी ड्रिलिङ मेशिनहरू बारम्बार बिग्रिएका कारण उद्धारको काम सुस्त भएको थियो।

शनिबार वरिष्ठ स्थानीय सरकारी कर्मचारी अभिषेक रुहेलाले फसेका व्यक्तिको सङ्ख्या ४१ रहेको पुष्टि गर्नुभएको छ। यो सङ्ख्या निर्माण कम्पनीले रिपोर्ट गरेको भन्दा एक जना बढी हो। सरकारको राजमार्ग तथा पूर्वाधार कम्पनी एनएचआईडीसीएलले शुक्रबार अबेर एक्कासि आएको आवाजले सुरुङमा त्रासको स्थिति सिर्जना गरेको र थप जमिन भासिने खतरा देखिएकोले उद्धार काअर्य अवरूद्ध भएको छ।

उद्धारकर्ताहरूले रेडियोको प्रयोग गरेर फसेका व्यक्तिहरूसँग कुराकानी गरिरहेका छन्। भारतीय सञ्चारमाध्यमले स्थानबिय अधिकारीलाई उद्धृत गरी सम्प्रेषित समाचारमा खाना, पानी, अक्सिजन र औषधि पनि ६ इन्च चौडा (१५ सेन्टिमिटर) पाइपमार्फत पठाइएको तर भित्र फसेकाहरू निराश भएको उल्लेख गरिएको छ।

“हामी उनीहरूको स्वास्थ्यको बारेमा सोधपुछ गरिरहेका छौं”, उद्धार टोलीका एक सदस्य मोहम्मद रिजवानले टाइम्स अफ इन्डियासँग भन्नुभयो, “तर तिनीहरू सबैको एउटै मात्र प्रश्न छः ‘तपाईं हामीलाई कहिले बाहिर ल्याउनुहुन्छ?’” एजेन्सी

# महासंघका पूर्वकोषाध्यक्ष शुभचन्द्र झाको निधन



**राजबिराज**/नेपाल पत्रकार महासंघका पूर्वकोषाध्यक्ष शुभचन्द्र झाको बुधबार साँझ निधन भएको छ। विगत केही दिनयता पिसाब सम्बन्धि रोगले पीडित ५५ बर्षिय पत्रकार झाको उपचारको क्रममा निधन भएको परिवारजनले जानकारी दिएको छ।

मैथिली साहित्य परिषद्का पूर्वअध्यक्ष समेत रहेका उनको राजबिराज वडा नं. ३ स्थित घरमा बिहीबार बिहान संचारकर्मी, आफन्तजन, बिभिन्न राजनीतिक दलका नेता लगायतले श्रद्धाञ्जली दिएका छन्।

नेपाल पत्रकार महासंघ सप्तरीका सचिव रामनारायण बिश्वासद्वारा जारि बिज्ञप्तिमा पत्रकार झाको असामयिक निधनले मर्माहत भएको जनाइएको छ।

## मन्दिरलाई नयाँ ...

मन्दिरलाई अहिले नयाँ स्वरुप दिन थालिएको छ। दुई करोडको लागतमा निर्माण हुन लागेको मन्दिरको झण्डै ६५ प्रतिशत काम सकिएको छ भने बिभिन्न दाताहरुबाट सहयोग जुट्ने क्रम जारि रहेको मन्दिर समितिका महासचिव शत्रुहन साहले जानकारी दिए।

महायज्ञबाट संकलित सबै रकम मन्दिर निर्माणका लागि सहयोग गर्ने खुशिलालले यसअघि आफ्नो निजि तबरबाट समेत २ लाख ५० हजार रुँपैया मन्दिर निर्माणका लागि सहयोग गरिसकेको सचिव उमाशंकर देवले बताए।

२१ सदस्यीय मन्दिर ब्यवस्थापन समितिका सबै पदाधिकारीले व्यक्तिगत रुपमा गरि हालसम्म करिब १८ लाख रुँपैया सहयोग गरेको उनको भनाई छ। अन्य सहयोग रकम बिभिन्न दाताहरुबाट प्राप्त भइरहेको समितिले जनाएको छ।

सोही कार्यक्रममा राजबिराज ६ का जितेन्द्र प्रसाद यादवले मन्दिर निर्माण कार्यमा आफूले ५१ हजार रुँपैया सहयोग गर्ने घोषणा गरे। समितिले मन्दिर निर्माण कार्यमा सहयोग गर्न सबैसँग अनुरोध गरेको छ।

## गोरुगाडा दौड ...

बोदेबरसाइन र खडक नगरपालिकासंगै बाहिर जिल्ला र छिमेकी मुलुक भारतबाट आएकाहरुको ठूलो घुइचो थियो।

गोरुगाडा दौडमा ११ जना सहभागी भएकोमा तीन सहभागी कृषकलाई पुरस्कृत गरिएको थियो। सहभागी मध्ये सिरहाको सखुवानन्कटी ५ का संतोष प्रसाद यादवले प्रथम पुरस्कार प्रप्त गरे। यस्तै सिरहाकै फूलबडियाका महेन्द्र यादवले दोस्रो पुरस्कार प्राप्त गरे। सप्तरी डहबारीका नरेश यादव गोरुगाडा दौडमा तेस्रो स्थान प्राप्त गरे।

प्रतियोगितामा बिजेता कृषकलाई बोदेबरसाइनका कार्यबाहक नगरप्रमुख रेणु कुमारी साह सप्तरी क्षेत्र न ४(ख) का स्वतन्त्र निबार्चित सांसद अनिरुद प्रसाद सिंह यादव र राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवले प्रथम, द्वितिय र तेस्रो प्रतियोगिलाई पुरस्कार वितरण गरेका थिए।

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना



छठ पर्वको पावन अवसर
मा सुस्वास्थ्य, दिर्घायु, शान्ति
तथा अमनचयनको
कामना गर्दै सम्पूर्ण शेयर
सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं
देशवासीमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं।

**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np